पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, चैत्र २७ गते, २०८१ साल (संख्या २०

## भाग २

### पोखरा महानगरपालिका

### संस्थागत विद्यालय छात्रवृत्ति वितरण (तेश्रो संशोधन) कार्यविधि, २०८१

| क्र.स. | मौजुदा व्यवस्था | साविकको मौजुदा व्यवस्था | संसोधित व्यवस्था |
|---|---|---|---|
| १ | दफा ७.१ विविध : चिकित्सा शिक्षा एम.बि.बि.एस. अध्ययनका लागि छात्रवृति प्रदान गर्ने सम्बन्धी व्यवस्था | क) यस कार्यविधिमा माथि जुनसुकै कुरा उल्लेख गरेको भएतापनि महानगरपालिका अन्तर्गत रहेका विश्वविद्यालयमा अध्ययन गर्ने गरि छनौट (भर्ना भएका) विद्यार्थीहरु पोखरा महानगरपालिका वहालवाला जनप्रतिनिधि कर्मचारीहरुका छोराछोरी मध्येलाई | क) यस कार्यविधिमा माथि जुनसुकै कुरा उल्लेख गरेको भएतापनि नेपाल सरकार को चिकित्साशास्त्र अध्ययन संस्थानद्धारा संचालन हुने प्रवेश परिक्षामा उत्तीर्ण भएका उत्कृष्ट अंक हाँसिल गर्ने पोखरा महानगरपालिकाभित्र स्थायी बसोबास भएका विद्यार्थी मध्येबाट अध्ययन पश्चात कम्तीमा दुई वर्ष महानगरपालिका अन्तर्गत |

| क्र.स. | मौजुदा व्यवस्था | साविकको मौजुदा व्यवस्था | संसोधित व्यवस्था |
|---|---|---|---|
| १ | दफा ७.१ विविध : चिकित्सा शिक्षा एम.बि.बि.एस. अध्ययनका लागि छात्रवृति प्रदान गर्ने सम्बन्धी व्यवस्था | कम्तीमा तीन वर्ष महानगर पालिकामा सेवा गर्ने गरी शैक्षिक शुल्क बराबरको रकम छात्रवृति प्रदान गर्न सकिनेछ। यसरी छात्रवृति प्रदान गर्दा कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरि निवेदन माग गर्नुपर्नेछ दरखास्त साथ निम्न कागजात संलग्न गर्नुपर्नेछ।<br>क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,<br>ख. नाता प्रमाणित,<br>ग. सम्बन्धित विश्वविद्यालयमा भर्ना भई अध्ययनरत रहेको प्रमाण कागजात,<br>घ. घरयासी आर्थिक हैसियत न्यून रहेको भन्ने वडा कार्यालयको सिफारिस | स्वास्थ्य संस्थामा सेवा गर्ने गरी वार्षिक तीन जनालाई कुल शैक्षिक शूल्क बराबर को ५० प्रतिशत रकम छात्रवृत्ति प्रदान गर्न सकिनेछ। निवेदक चिकित्साशास्त्र द्धारा संचालित प्रवेश परीक्षा पश्चात बसाईँसराई गरी पोखरा महानगरपालिका क्षेत्र भित्र आएमा अयोग्य हुनेछ। यस छात्रवृत्तिमा छनौट भएका वा प्राप्त गरेका विद्यार्थीहरुले अध्ययन पूरा नगरी विचमा नै छोडेको वा अनुत्तिर्ण भएको खण्डमा छात्रवृत्ति वापतको रकम फिर्ता गर्नुपर्नेछ । सो नगरेमा निज वा निजको एकाघरको सम्पत्ति रोक्का गर्ने प्रक्रिया अगाडि बढाईनेछ । यसरी छात्रवृत्ति प्रदान गर्दा कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी निवेदन माग गर्नुपर्नेछ । दरखास्तको साथमा निम्न कागजात संलग्न गर्नुपर्नेछ।<br>क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>ख. नाता प्रमाणित,<br>ग. चिकित्साशास्त्रको नतिजापत्र,<br>घ. अन्य निकायबाट छात्रवृति नभएको स्वघोषणा पत्र।<br>ङ. घरयासी आर्थिक हैसियत न्यून रहेको भन्ने सम्बन्धित वडा कार्यालयको सिफारिस। |

| क्र.स. | मौजुदा व्यवस्था | साविकको मौजुदा व्यवस्था | संसोधित व्यवस्था |
|---|---|---|---|
| | | | च. सम्बन्धित शिक्षण संस्थाबाट नियमित अध्ययन गरेको व्यहोराको सिफारिस पत्र। |

**प्रमाणीकरण मिति**

२०८१।१२।२७

**आज्ञाले**

**शिवराज चौलागाई**

**प्रमुख प्रशासकिय अधिकृत**